# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | JANUARY 2023 | No. 01


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

### मत्ती ५:११-१८

११. धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन् र झुट बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन् ।

१२. तब रमाओ र अत्यन्त खुसी होओ किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए ।

१३. तिमीहरू पृथ्वीका नून हौ तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र ? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन ।

१४. तिमीहरू संसारका ज्योति हौ । डाँडामा बसालिएको सहर लुक्न सक्दैन ।

१५. मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन् तर सामदानमा राख्दछन् र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ ।

१६. यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सुकर्म देखून् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून् ।

१७. व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ । म ती रद्द गर्न होइन तर पूरा गर्न आएँ ।

१८. किनभने साँच्चै म तिमीहरूलाई भन्दछु जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन, तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्र वा एउटा बिन्दु टल्नेछैन ।

# आशिषित नयाँ वर्ष... 2023

डा. ए. रिचार्ड शामूएल

*BLESSED NEW YEAR . . .2023*

**"सबै तीतोपना, क्रोध र रिस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ । जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ"** (एफिसी ४:३१,३२) ।

जब हामी नयाँ वर्षमा प्रवेश गर्छौं, तब हामीले नयाँ वर्षको संकल्पको बारेमा विचार गर्छौं । तर दु:ख पूर्णरूपमा, हामीले विगतको वर्षमा राखेका संकल्प के थियो र हामीले कति त्यसलाई पायौं भनेर फेरि विचार गर्ने कोसिस पनि गर्दैनौं । कसैले व्यङ्ग्य गरेर भने, "नयाँ वर्ष संकल्पहरू तोडिनको निम्ति लिइन्छन् ।"

नयाँ वर्षका संकल्पहरूलाई जीवित राख्न कायम राख्नको लागि सामुहिक कार्य हुनुपर्छ । येशू क्रूसमा टाँगिनुभएको समयमा नै उहाँबाट तालिमप्राप्त चेलाहरूले उहाँलाई त्यागे । उहाँको पुनरुत्थानपछि येशूले चेलाहरूलाई गालीलको पहाडमा भेला हुन निर्देशन दिनुभयो (मत्ती २८:१६) । तिनीहरूले त्यो कुरा पालन गरे तर जब त्यहाँ ढिला भएको थियो, चेलाहरू आफ्नो वास्तवित जागिरमा फर्के-माछा मार्न (यूहन्ना २१:१-४) । जब हामीले प्रेरित २ अध्यायमा पढ्छौं, पेन्तिकोसको दिनमा पवित्र आत्मा परमेश्वर माथिल्लो कोठामा भएका चेलाहरूसँग भेट गर्नुभयो । चेलाहरू सुसज्जित भएका थिए र तिनीहरूमा अचम्मलाग्दो परिवर्तन थियो । तिनीहरू

बाँकी पृष्ठ ३ मा

## बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल


## पा. साम सेल्भाराजसँग प्रार्थना



हाम्रो सुसमाचारीय सन्देश हरेक दिन बिहान ५:०० बजे अपलोड हुन्छ र साथै हाम्रो **यूट्यूब च्यानल Echo of His Call** मा तामिल भाषामा हरेक आइतवार बिहान ८:३० बजे (भारतीय समय) हुन्छ। हामीले अंग्रेजी र हिन्दीमा पनि शीघ्र हाम्रा सन्देशहरू अपलोड गर्नेछौं । कृपया हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस् र तपाईंको भ्यू पनि पठाइदिनुहोस् । **बोलावटको प्रतिध्वनिको प्रार्थनाको साझेदारको रूपमा यो तरिकामा तपाईंले हरेक बिहान पा. साम सेल्भाराजसँग व्यक्तिगत रूपमा प्रार्थना गर्न सक्नुहुन्छ ।**

**- मेरी र क्रिष्टि चिन्नियाह, डाइरेक्टरहरू**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
CORE LEADERS
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah
E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

## ... तेरो आशा व्यर्थ जानेछैन (हितोपदेश २३:१८) ।

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको नाउँमा हामी सुखद नयाँ वर्ष २०२३ को शुभकामना तपाईंलाई दिन चाहन्छौं । हामी सबै महिमा र आदर हाम्रो परमप्रभु परमेश्वरलाई दिन्छौं, जसले हामीलाई यी वर्षहरूमा हामीलाई अगुवाइ गरिरहनुभएको छ ।

तपाईं कस्तो हुनुहुन्छ ? हाम्रो हृदयमा साँचो बोझको साथमा हामी तपाईं र तपाईंका आवश्यकताहरूका निम्ति प्रार्थना गर्छौं । हामीसँग व्यक्तिगत रूपमा जोडिनुभएका र हरेक प्रार्थनाका साझेदारहरू, विश्वासका साझेदारहरू, ग्राहकवर्गहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारको पनि व्यक्तिगत फाइलहरू र दर्ताहरू कायम राख्छौं । हाम्रा हृदय र आत्मा प्रार्थनामा राख्दै तपाईं र तपाईंका परिस्थितिहरूका निम्ति प्रार्थना गर्ने हाम्रो जिम्मेवारीको रूपमा हामीले यसलाई लिएका छौं । मेरो व्यक्तिगत कोठामा कलम प्रार्थनाको म्याट भन्ने विशेष स्थान मैले अलग गरेको छु । यो कलम प्रार्थनाको म्याट दिनेको २४ घण्टा प्रार्थनाको निम्ति तयार हुन्छ । हाम्रो परमप्रभु परमेश्वरले हाम्रा प्रार्थनाहरू स्वीकार गर्नुहुन्छ र तपाईं सबैलाई आशिष् दिनुहुन्छ । कुनै पनि कुराको निम्ति नडराउनुहोस् । परमेश्वर तपाईंसँग हुनुहुन्छ । परमेश्वरका छोराछोरीले सामना गर्ने समस्याहरू र कठिनाइहरूका बारेमा हामीलाई अत्यन्तै राम्रो प्रकारले थाहा छ । त्यसकारण, साहसी हुनुहोस् । यो नयाँ वर्षमा परमप्रभुले तपाईंको निम्ति महान् कार्य गर्नुहुनेछ । **ए देश, नडरा, तँ खुसी भएर रमाहट गर् । निश्चय नै परमप्रभुले ठूला-ठूला कामहरू गर्नुभएको छ** (योएल २:२१) ।

हामीले स्वतन्त्र मण्डलीहरू र सेवकाइहरूका सम्बन्धमा केही जानकारी प्राप्त गरेका छौं । भविष्यमा भारतमा यस्ता सेवकाइहरूका निम्ति कठिन अवस्थाहरू आउन सक्छ भनेर हामीले बुझेका छौं । त्यसैले परमेश्वरका यस्ता सेवकहरू सावधान हुनुपर्छ र यी समयमा आवश्यक भएका कामहरू गर्नुपर्छ ।

तपाईंल स्वतन्त्र रूपमा प्रभुको सेवा गरिरहनुभएको छ र कुनै संस्थाको अधीनमा हुनुहुन्न भने तपाईंको सेवकाइलाई केही प्रसिद्ध आत्मिक संगठनमा आधिकारिक रूपमा आबद्ध गर्नुहोस् । तपाईं पहिले नै कुनै संगठनमा हुनुहुन्थ्यो तर अगुवाहरूसँग विचारको केही भिन्नताको कारण अहिले स्वतन्त्र रूपमा काम गरिरहनुभएको छ भने कृपया सबै गलत बुझाइहरूलाई बिर्सनुहोस् र तपाईंको सम्बन्ध सही बनाउनुहोस् । तपाईंको अगुवाहरूसँग सहकार्य गर्नुहोस् र समर्पित हुनुहोस् र संगठनमा तपाईंको स्थानलाई निश्चित गर्नुहोस् । यसका साथै, धर्मको बारेमा भिन्नता भए पनि तपाईंको छिमेकीहरूसँग असल सम्बन्ध कायम राख्नुहोस् । खीष्टमसको समयमा तपाईंले उहाँहरूलाई केक वा फलफुलजस्तो उपहारको साथमा व्यक्तिगत रूपमा भेट्न सक्नुहुन्छ र तपाईंको छिमेकीहरूलाई तपाईंको प्रेम देखाउन सक्नुहुन्छ । कृपया यो सल्लाह लिनुहोस् र यो कुरामा लापरवाह नगर्नुहोस् ।

भविष्यमा, तपाईंको सेवकाइलाई परमेश्वरको अगुवाइ र मानिसहरूको निगाहा आवश्यक हुन्छ । **हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेडाझैं पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैं चनाखो र ढुकुरझैं निर्दोष होओ** (मत्ती १०:१६) । हामीसँग केही प्रभावकारी वकिलहरू, लेखापालहरू र बाइबल विद्वानहरू छन्, जसले तपाईंलाई सेवा गर्ने मनको साथमा तपाईंलाई सहायता गर्ने चाहना गर्छन् ।

तपाईं ईश्वरशास्त्रीय डिग्री बिनाको पूर्णकालीन परमेश्वरको सेवक हुनुहुन्छ तर विश्वासमा प्रभुको सेवा गरिरहनुभएको छ किनभने परमप्रभुले तपाईंलाई उहाँको सेवकाइमा बोलाउनुभएको छ भने तपाईंले आफैंलाई नियमित विद्यार्थीको रूपमा केही बाइबल कलेजमा वा दुरी शैक्षिक प्रणालीमा दर्ता हुनुपर्छ वा कम्तीमा अनलाइन प्रणालीबाट भए पनि ईश्वरशास्त्र सिक्ने र प्रमाणपत्र लिनुपर्छ । तपाईंसँग कुनै ईश्वरशास्त्रीय वा सेवकाइको नियुक्त प्रमाणपत्र छैन भने कृया तुरुन्तै त्यो प्राप्त गर्ने कोसिस गर्नुहोस् । सेवकाइको नियुक्ति भएको प्रमाणपत्रले तपाईंलाई धेरै सहायता गर्नेछ । यस उद्देश्यको निम्ति तपाईंले धेरै रकम खर्च गर्नु आवश्यक

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

छैन। हामी सबै जना सहभागी हुनेछौं र मिलेर काम गर्नेछौं। **दाजुभाइहरू एकतामा बस्नु कति भलो र मनोहर कुरा हुन्छ** (भजनसंग्रह १३३:१)।

तपाईंलाई यो कुरामा कुनै सहायता आवश्यक भएमा तपाईंले हामीलाई पत्रहरू वा इमेलबाट सम्पर्क गर्न सक्नुहुन्छ। हामीले सक्ने जति हामी तपाईंलाई सहायता गर्नेछौं। हामील मिलेर आऔं। हामी विजेता होऔं।

परमेश्वरको इच्छा भयो भने सुसमाचार प्रचार, बप्तिस्मा र सेवकाइमा नियुक्तिद्वारा नयाँ वर्षमा परमेश्वरका सेवकहरूलाई बलियो बनाउँदै र विभिन्न स्थानहरूमा यात्रा गर्ने चाहना गर्छौं। असल स्वास्थ्य, उपयुक्त पारिवारिक अवस्था र राम्रो आर्थिक अवस्था भएको होस् भनेर हाम्रो निम्ति अबदेखि निरन्तर प्रार्थना गरिदिनुहुन आग्रह गर्दछौं।

हाल हामीले हरेक बिहान ५:०० बजे र आइतवार बिहान ८:३० बजे **Echo of His Call** भन्ने हाम्रो यूट्यूब च्यानलमा हाम्रा सन्देशहरू प्रशारण गर्दै आइरहेका छौं। तपाईंले ती हेर्न सक्नुहुन्छ र सूचना प्राप्त गर्न सब्स्क्राइब गर्न सक्नुहुन्छ।

हाम्रो सेवकाइमा स्थायी आर्थिक सहायता छैन। हाम्रो प्रभु येशू हाम्रो उपलब्ध गर्ने व्यक्ति हुनुहुन्छ। परमप्रभुले अगुवाइ गर्नुभए अनुसार हाम्रो सेवकाइमा सहायता गर्न तपाईं पनि अगाडि आउन सक्नुहुन्छ।



*Media Ministry*

हाम्रो हात समात्नुहुने र हामीलाई विगत ५४ वर्षदेखि अगुवाइ गरिरहनुभएका हाम्रा प्रभुले तपाईंलाई पनि प्रशस्त आशिष् दिनुहुनेछ। आमेन।
ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

थियौं। परमेश्वरले त्यसमा आशिष् दिनुभयो।

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*
(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

निडर सुसमाचार प्रचारकहरू बने। जब हामीले नयाँ वर्षका संकल्पहरूका बारेमा विचार गर्छौं, परमेश्वरको सहायताबिना नयाँ वर्षका संकल्पहरू कायम राख्नुका साथै हामीले केही पनि गर्न सक्दैनौं भनेर हामीले थाहा गर्नुपर्छ। यूहन्ना १५:५ ले भन्दछः **"दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने र म त्यसमा रहें भने त्यसले धेरै फल फलाउँछ *किनकि मबाट अलग रहेर तिमीहरू केही पनि गर्न सक्दैनौ*।"** त्यसैले, परमेश्वरसँग सहकार्य नगरेसम्म हामीले केही पनि गर्न सक्दैनौं तर परमेश्वरमा हरेक थोक सम्भव छ भन्ने सत्यतालाई निश्चित गर्दै नयाँ वर्ष २०२३ मा प्रवेश गरौं।

हामीमध्ये धेरैले रेलवे स्टेसनहरू र मुख्य बस स्टेसनहरूमा "कम झोला, धेरै आराम, यात्रालाई आनन्द बनाउने" भन्ने चिन्ह देखेका छौं। हाम्रो सांसारिक यात्रा मात्रै होइन तर हाम्रो जीवनको यात्रामा पनि यो भनाइले अर्थ राख्छ। धेरै पटक हामीले बोकेका अतिरिक्त झोलाहरूले हाम्रो मात्रै होइन तर अरूको पनि जीवनलाई दयनीय बनाउँछ। धेरै मानिसहरू गल्तीहरू, चोट, पीडा, खराब छनोटहरू, क्रोध, तीतोपना, तनाव, असफलता र त्यस्तै गह्रौं झोलाहरू वर्षौंदेखि बोकेर हिँडिरहेका हुन्छन्। यी हाम्रो वर्तमान र भविष्यका सम्बन्धहरूमा पोखिन सक्छ र अपूरणीय क्षति ल्याउन सक्छ। येशूमा हाम्रा विगतका गल्तीहरूका निम्ति कुनै दोष छैन किनभने हामी अनन्त अनुग्रहद्वारा छोपिएका छौं। हामीले बोकेर हिँडिरहेको अर्थहीन सम्पूर्ण बोझ फुकाल्ने र स्वतन्त्र भएर जिउन सिक्ने समय आएको छ। यो अनावश्यक बोझले हाम्रो जीवनको यात्रालाई बोझिलो बनाउँछ।

हामी हरेकको निम्ति हाम्रो परमप्रभु परमेश्वरसँग एउटा योजना छ। उहाँका योजनाहरू हामीलाई समृद्ध गर्नलाई हो, हामीलाई हानि गर्न होइन, हामीलाई आशा र भविष्य दिनलाई हो (यर्मिया २९:११)। हाम्रो निम्ति परमेश्वरको इच्छा र उहाँको योजना बुझेर हामीले आफ्नो आत्मिक यात्रा सुरु गर्छौं। यस कुराले हामीलाई आफ्नो यात्रामा दिशा दिन्छ र निरन्तर केन्द्रित हुन हामीलाई सहायता गर्छ।

हाम्रो यात्रामा बाधा दिने चाहना नगरिएका झोटाहरूका बारेमा प्रेरित पावलले एफिससमा भएको मण्डलीलाई लेखेका आफ्नो पत्रमा स्पष्ट रूपमा बिस्तृत रूपमा दिएका छन्। **"सबै तीतोपना, क्रोध र रिस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्योगिदेओ। जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ"** (एफिसी ४:३१,३२)। यसका अतिरिक्त, हामीले आफ्नो यात्राको निम्ति आवश्यक झोला मात्रै बोक्नुपर्छ र त्यसले हाम्रो यात्रालाई हाम्रो र हाम्रा सहकर्मीहरूका निम्ति पनि आरामदायी र सजिलो बनाउनेछ।

हामीले बोक्ने ६ वटा चाहना नगरिका झोलाहरू पावलले सूचीकृत गरेका छन्:

१. तीतोपना
२. क्रोध
३. रिस
४. होहल्ला
५. निन्दा
६. सबै किसिमका डाह

अनि हामीले बोक्नै पर्ने सहयोगी, उपयोगी र आवश्यक झोलाहरू:

१. दयालु
२. कोमल
३. क्षमा दिने स्वभाव

## १. तीतोपना

तीतोपना भावना हो, जसबाट छुटकारा पाउन कठिन हुन्छ। यो आत्माले हामीलाई चोट पुर्‍याउने मानिससँग पुनर्मिलाप गर्न हामीलाई अनुमति दिँदैन। हामीले पाएका अपमानहरू र चोटहरूमाथि विचार गरेर हामीले स्वतन्त्रपूर्वक यो भावनालाई खुवाउँछौं र सधैं यसलाई तातो राख्छौं। यो फैलने क्यान्सर हो र यसले हाम्रो मनको आनन्द र शान्तिलाई मार्छ। यो अतिरिक्त झोलाले हाम्रो यात्रालाई अत्यन्तै बोझिलो बनाउँछ।

## २. क्रोध

बार्क्लेले आफ्नो टिप्पणीमा भनेका छन्, यो त्यस्तो प्रकारको रिस हो, जुन परालझैं बल्छ, त्यसको ज्वाला तुरुन्तै वृद्धि हुन्छ । हामी प्रायः "तुरुन्तै अस्वीकृति जनाउने" वाक्यांशमा आउँछौं । यो छिटो रिस उठ्ने कुरा प्रायः धेरै चिच्याएर देखिन्छ । यो विष्फोट हो, जब कसैले आफूलाई गलत गरेको छ भनेर सो व्यक्तिले महसुस गर्छ । ख्रीष्टियान विश्वासीहरू क्रोधबाट अलग छैनन् । एक पटक जोन आइतवार बिहानी मण्डली जान कार चलाइरहेको थियो । सडकमा धेरै सवारीसाधनहरू थिए । त्यही समयमा जोनको कारलाई पछ्याइरहेको अर्को कारले अगाडि जान ठाउँको चाहना गर्दै ठूलो आवाजमा निरन्तर हर्न बजाइरहेको थियो । पछ्याउनेलाई अगाडि जान नि त्यहाँ कुनै स्थान नभएको हुनाले जोनले सहायता गर्न सकेन । जसरी भए पनि पछ्याउने अगाडि गयो र त्यसो गर्दै गर्दा उसले आफ्नो गति घटायो र जोनमाथि दुर्व्यवहारपूर्ण शब्द बोल्यो । जोनलाई चोट लागेको थियो तर उसले आफ्नो क्रोधलाई नियन्त्रणमा राख्यो । मण्डलीमा प्रवेश गर्दैगर्दा मण्डलीको परिसरमा सोही कार पार्क भएको जोनले थाहा पायो । त्यो कार चलाउने व्यक्ति अरू कोही नभएर नयाँ पास्टर थियो भनेर उसले थाहा पाउँदा ऊ अझ धेरै अचम्मित भएको थियो, जसले त्यो मण्डलीको जिम्मेवारी लिन लागेको थियो । मण्डलीको सेवापछि उसले जोनलाई भेट्दा नयाँ पास्टरको कठिनाइ कल्पना गर्नुहोस् । आफ्नो ख्रीष्टियान गवाहीलाई कायम राख्ने ख्रीष्टियानहरूले यस्ता सडकका क्रोधहरूबाट पूर्णरूपमा छुटकारा पाउनुपर्छ ।

## ३. रिस

रिसलाई दुई भागमा विभाजन गर्न सकिन्छ- क) धार्मिक रिस र ख) अधार्मिक रिस । जब येशूले आफ्नो पिताको मन्दिरलाई **"डाँकूहरूको ओढार"** मा परिणत गरेको देख्नुभयो, उहाँले आफ्नो रिस देखाउनुभयो (मत्ती २१:१३) । येशूले एउटा कोर्रा लिनुभयो र सबै व्यापारीहरूलाई बाहिर लखेट्नुभयो । त्यसको विपरीत हामी मानिसको निम्ति धार्मिक रिस अभ्यास गर्न कठिन छ किनभने हाम्रा भावना पापबाट भ्रष्ट भएका छन् । बाइबलअनुसार हामीले आफ्नो रिस पापविरुद्ध देखाउनुपर्छ - **"परमप्रभुलाई प्रेम गर्ने सबैले खराबीलाई घृणा गरून्"** ( भजनसंग्रह ९७:१०) । **"रिसमा पर्दा पाप नगर"** (भजनसंग्रह ४:४) । एफिसी ४:२६ मा पावलले कडा रूपमा सोही वचन भन्दछन् । त्यसको साथै पावलले चेतावनी थप्छन् - **"क्रोध गर तर पाप नगर । घाम अस्ताउनअघि नै तिमीहरूको रिस मरोस् र दियाबलसलाई मौका नदेओ"** (एफिसी ४:२६,२७) ।

हामी बुद्धिमान छौं भने हामी रिस गर्न धीमा हुनुपर्छ, याकूब १:१९,२० लाई याद राख्नुहोस्, **"किनकि मानिसको रिसले परमेश्वरको धार्मिकता ल्याउँदैन ।"** त्यसैले पावलले यो चाहना नगरिएको र गह्रौं भारीबाट छुटकारा पाउन तीन वटा सल्लाहहरू अगाडि सारेका छन् । पहिलो "पाप नगर्ने ।" धार्मिक रिस कसरी देखाउने र तैपनि त्यो पाप होइन भन्ने प्रश्न हाम्रो मनमा उठ्छ ? जोन स्टटले आफ्नो बीएसटी श्रृङ्खला दि म्यासेज अफ इफिसियन (The Message of Ephisians) मा जवाफ दिन्छन्, "हाम्रो रिस चोट पाएको घमण्ड, कठोरपना, घृणा, तीतोपना र प्रतिशोधको आत्माबाट छुटकारा पाएको हुनुपर्छ भनेर हामीले निश्चित गर्नुपर्छ ।" दोस्रो, सूर्यास्त हुनुअघि नै हामीले आफ्नो रिसबाट छुटकारा पाउनुपर्छ । यसको अर्थ हामीले आफ्नो रिसलाई वास्ता गर्नुहुँदैन र धेरैदिनसम्म त्यसलाई जीवित राख्नुहुन्न । तेस्रो, हाम्रो जीवनमा कुनै पनि मौका दियासललाई दिनुहुँदैन । हाम्रो रिसलाई घृणा वा हिंसा वा संगतिलाई रोक्नमा उत्तेजित गरेर त्यसको अवसर लिन दियाबलसलाई कहिल्यै अवसर दिनुहुँदैन । तापनि यो गह्रौं झोलाबाट छुटकारा पाउने अर्को सल्लाह बुद्धिमान राजा सोलोमनले दिएका छन्: "नम्र जवाफले क्रोधलाई शान्त पार्छ तर कठोर वचनले रिस उठाउँछ" (हितोपदेश १५:१) । त्यसैले, हाम्रो सरल यात्राको निम्ति हामीले गह्रौं बोझ, रिसलाई त्याग्नुपर्छ ।

## ४. होहल्ला

होहल्ला भनेको कठोर, हल्ला र अनियन्त्रित तरिकामा लडाइँ वा झगडा हो । धेरै पटक हामीले देख्छौं, विशेष गरी पास्टरीय समितिका सदस्यहरूले मण्डलीभित्र होहल्ला गरेर मण्डलीमा विवाद ल्याउँछन् । पास्टरीय समिति चुनावको समयमा यस्तो होहल्ला रोक्न पुलिसको हस्तक्षेपको बारेमा के हामीले सुन्दैनौं ? पावलले तिमोथीलाई लेखेका पहिलो पत्रमा एल्डरहरूको गुणहरूमध्ये एउटा यस्तो छ कि एल्डरहरूः **"...होहल्ला नगर्ने, विरोध नगर्ने, तर भद्र, विवाद नल्याउने, पैसाको प्रेमी हुनुहुँदैन ।"** बुद्धिमान राजा सोलोमनले **"कचकचे पत्नीसँग एउटै घरमा बस्नुभन्दा त कौसीको एक कुनामा बस्नु बेस"** (हितोपदेश २१:९) भनेर मन पराउँछन् ।

*....Contd. to page 6*


NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years
Certificate in Theology : One year
Diploma in Theology : Two years
Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

जनवरी १९: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा ख्रीष्टमस र नयाँ वर्षको अवसर संचालन गर्न हामीलाई सक्षम बनाउनुभयो ।

जनवरी २०: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूका** सबै क्रियाकलापहरूका निम्ति ।

जनवरी २१: हाम्रो मुख्य मण्डलीमा पुरुष संगतिमा उहाँको आशिष्को निम्ति ।

जनवरी २२: १६ वटा भाषहरूमा हाम्रो प्रकाशनको निम्ति उहाँको आशिष्को निम्ति, जुन हाम्रो छापाखानामा छापिन्छ र मिसनको क्षेत्रमा पठाइन्छ ।

जनवरी २३: विगत महिनाको हाम्रो आर्थिक र आत्मिक आवश्यकता पूरा गर्नुभएको निम्ति ।

जनवरी २४: हाम्रो पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारको निम्ति प्रशस्त आशिष्को निम्ति ।

जनवरी २५: नियमित रूपमा ईश्वरशास्त्रीय सेमिनारहरू संचालन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

जनवरी २६: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति उहाँको कृपाको निम्ति ।

जनवरी २७: हाम्रो आवासीय **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूका निम्ति संगीतको कक्षाहरू उपलब्ध गर्नुभएको निम्ति ।

जनपरी २८: नयाँ विश्वासीहरूका साथमा हाम्रो मण्डलीलाई आशिष् दिनुभएको निम्ति ।

जनवरी २९: नयाँ कर्मचारीहरूका साथमा हाम्रो संस्थालाई आशिष् दिनुभएको निम्ति ।

जनवरी ३०: हाम्रो गाउँको हाई स्कुल (**सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल**) का गरिब विद्यार्थीहरूका निम्ति संगीत कक्षाहरू संचालन गर्नको निम्ति ।

जनवरी ३१: हाम्रा सहसम्पादकहरू र उहाँको सहकार्यको निम्ति ।

फेब्रुअरी १: हाम्रो आवासीय **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूलाई साँझको समयमा खेल्नको निम्ति क्यारेम बोर्ड र चेस बोर्स किन्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

फेब्रुअरी २: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरू र त्यहाँका विश्वासीहरूका निम्ति ।

फेब्रुअरी ३: हाम्रो अस्पतालको सेवकाइमा परमेश्वरको आश्चर्यकर्मको निम्ति ।

### कृपया प्रार्थना गरौं...

फेब्रुअरी ४: सबै ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

फेब्रुअरी ५: सारा संसारभरि शान्तिको निम्ति ।

फेब्रुअरी ६: महिला र बालबालिका विरुद्ध हुने हिंसाबाट परमेश्वरको सुरक्षाको निम्ति ।

फेब्रुअरी ७: यो महिना **बोलावटको प्रतिध्वनि सेवकाइहरूको** निम्ति आवश्यक कोष उपलब्ध हुनको निम्ति ।

फेब्रुअरी ८: **बोलावटको प्रतिध्वनि सेवकाइका** सबै कर्मचारीहरू स्वस्थ हुनको निम्ति ।

फेब्रुअरी ९: सबै पक्षहरूमा हाम्रो देशको एकता र उन्नतिको निम्ति ।

फेब्रुअरी १०: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

फेब्रुअरी ११: हाम्रो सिनियर पास्टरको जीवनी लेखनमा अनुमति र अगुवाइमा उहाँको उदारताको निम्ति ।

फेब्रुअरी १२: यो महिनामा भएका हाम्रा सबै आवश्यकता पूरा हुनको निम्ति ।

फेब्रुअरी १३: पृथ्वीमा उहाँको राज्य निर्माणमा केन्द्रित दर्शन हामीलाई दिनको निम्ति ।

फेब्रुअरी १४: भारतमा सुसमाचार नपुगेका मानिसहरूका बीचमा पुग्न हामीलाई सक्षम बनाउनको निम्ति ।

फेब्रुअरी १५: हाम्रो संस्था, कर्मचारी र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

फेब्रुअरी १६: **बोलावटको प्रतिध्वनिको** जवान र आउटरीच सेवकाइहरूका निम्ति ।

फेब्रुअरी १७: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारको स्वास्थ्यको निम्ति ,

फेब्रुअरी १८: हरेक मद्यपान गर्नेहरू र दुष्ट काम गर्नेहरू पश्चात्तापमा आउन सकून् ।

....Contd. from page 4

## ५. निन्दा

निन्दा भनेको अरूको बारेमा नराम्रो कुरा बोल्नु हो, विशेष गरी तिनीहरू नभएको बेलामा । यो कुराकानीले तिनीहरूका प्रतिष्ठा मात्रै नष्ट गर्दैन तर हाम्रो पनि गर्छ। गन्ती १२:१ ले कूशी स्त्रीलाई विवाह गरेको कारण मिरियम र हारूनले मोशाको निन्दा गरिरहेको कथाको बारेमा बताउँछ। **"अनि परमप्रभुले यो कुरा सुन्नुभयो"** (गन्ती १२:२) । परमप्रभु रिसाउनुभयो र मिरियम र हारूनलाई भन्नुभयो, **"यसैकारण, मेरो दास मोशाको विरुद्धमा बोल्न तिमीहरूलाई किन डर लागेन ?"** (गन्ती १२:८)। तुरुन्तै परमेश्वरको क्रोध तिनीहरूमाथि पऱ्यो र मिरियम र हारून कुष्ठरोगले प्रभावित भएका थिए। हाम्रो मुखबाट बाहिर निस्केका हरेक वचनप्रति हामी जिम्मेवार हुन्छौं। हाम्रो प्रभु येशू ख्रीष्टले चेतावनी दिनुहुन्छ, **"यसकारण, जे तिमीहरूले अँध्यारोमा भनेका छौ, त्यो उज्यालोमा सुनिनेछ । गुप्त कोठामा भनेका कुरा घरको धुरीबाट प्रचार हुनेछ"** (लूका १२:३)। त्यसैकारण, याकूबले आफ्नो पत्रको ३ अध्यायमा जिब्रोलाई लगाम लगाउने बारेमा लामो प्रवचन दिएका छन् । निन्दा खतरनाका नचाहिने बोझ हो । त्यसलाई फ्याँकिदिनुहोस् ।

## ६. सबै किसिमका डाह

सबै किसिमका डाह भनेको कुचाहना र सम्भवतः मानिसहरूका विरुद्धमा खराब कुराको योजना गर्नु हो। सबै किसिमको डाहको बारेमा बाइबलमा सबैभन्दा उपयुक्त उदाहरण उत्पत्ति ३७ अध्यायमा पाइन्छ। योसेफका दाजुहरूले योसेफको विरुद्धमा दुष्ट योजना गरेका थिए। **"अब आओ, त्यसलाई मारौं र त्यसलाई एउटा सुख्खा इनारमा फ्याँकिदेऔं र जंगली पशुले त्यसलाई खाएछ क्यारे भनी हामी भनौं"** (उत्पत्ति ३७:२०) । तर परमेश्वरले फरक प्रकारले चाहना गर्नुभयो र रूबेनले योसेफको जीवन बचाए। पछि परमेश्वरले योसेफलाई मिश्रमा सबैभन्दा उच्च अधिकारीको रूपमा उचाल्नुभयो र तिनका दाजुहरूलाई त्यहाँ ल्याउनुभयो र तिनीहरूले योसेफको अघि दण्डवत गरे। सोही तरिकामा हामानले मोर्दकैको विरुद्धमा दुष्ट योजना रचे र पचहत्तर फिट उच्च झुण्ड्याउने काठ निर्माण गरे (एस्तर ५:१४) । तर अचम्म प्रकारले त्यो षड्यन्त्रकर्ता हामानको विरुद्धमा गयो, सोही झुण्ड्याउने काठमा तिनलाई मर्नको लागि झुण्ड्याइयो (एस्तर ७:९) ।

**हाम्रो सरल यात्रालाई बाधा दिने हामीले बोकेका छ वटा नचाहिने झोलाहरूका बारेमा थाहा पाएपछि यी बाधा दिने झोलाहरूलाई कसरी फ्याँक्ने भनेर हामीले खोजी गर्नुपर्छ ।**

**सबैभन्दा पहिलो कदम भनेको** हामीले आफ्नो साथमा बोकेका अतिरिक्त झोलाहरू के हुन् भनेर खोजी गर्ने र पत्ता लगाउने इमानदार आत्मा हामीले लिनुपर्छ- तीतोपना, क्रोध, रिस, होहल्ला, निन्दा वा सबै किसिमका डाह। त्यसपछि, हामीले प्रार्थनामा परमप्रभुकहाँ प्रक्रियामा ल्याउनुपर्छ र अतिरिक्त बोझ हटाउन हामीलाई सहायता गर्न उहाँसँग माग्नुपर्छ । यसबाहेक, हामीले यस कुरालाई हाम्रो मेन्टोर वा प्रार्थना गर्ने सहयोगीकहाँ पनि लैजान सक्छौं। मेन्टोर वा विश्वास गरिएको मित्रले कुनै पनि समस्याले भरिएको क्षेत्र पहिचान गर्न वा हामीले गुमाएका ती कुराहरूलाई पहिचान गर्न हामीलाई सहायता गर्न सक्छ।

**दोस्रो कदमचाहिँ** त्यसबाट छुटकारा पाउनु हो... त्यसलाई जान दिनु। यी भावनाहरूबाट छुटकारा पाउन अत्यन्तै गाह्रो हुन्छ, हामीले आफ्नो शक्ति र बल प्रयोग गर्न सक्दैनौं किनभने हामीभित्र सधैं दुई विपरीत शक्तिहरू लागिपरिरहेको हुन्छ। एउटाचाहिँ असल हुन्छ र अर्कोचाहिँ खराब हुन्छ । यो अवस्थामा पावल चिच्याउँछन्: **"हाय, म कस्तो दुःखी मानिस ? यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला"** (रोमी ७:२४)। अनि पावलले त्यसको जवाफ ठूलो सान्त्वनामा परमेश्वरमा पाउँछन्, उनी भन्छन्: **"परमेश्वरलाई धन्यवाद होस् - हाम्रो प्रभु येशू ख्रीष्टद्वारा"** (रोमी ७:२५)। यी अतिरिक्त झोलाहरूबाट छुटकारा पाउन हामीलाई सर्वशक्तिमान परमेश्वरको शक्ति आवश्यक हुन्छ। हाम्रो प्रभुले हामीलाई सहायता गर्न हामीलाई सल्लाहकार र सान्त्वनाकर्ता दिनुभएको छ । येशू, परमेश्वरको पुत्रले हाम्रो निम्ति मध्यस्थ गर्नुहुन्छ, पवित्र आत्मा परमेश्वरले हाम्रो मुखमा उपयुक्त शब्दहरू राखिदिनुहुन्छ, जब हामी शब्दसँग संघर्ष गर्छौं र पिता परमेश्वरले हाम्रा प्रार्थना सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ। यही आत्मविश्वासमा हामी अनुग्रहको सिंहासनको अघि जान सक्छौं र उहाँले हामीलाई छुटकारा दिनुहुनेछ । येशू ख्रीष्टले हामीलाई प्रार्थना गर्न सिकाउनुभयो: "हामीलाई दुष्टदेखि बचाउनुहोस् ।" हाम्रो जीवनबाट यी अतिरिक्त बोझहरूबाट छुटकारा दिन हामीलाई सहायता गर्न हामीले परमेश्वरसँग माग्नुपर्छ ।

**तेस्रो कदम भनेको** हाम्रो आत्मालाई प्रतिविष खुवाउनु हो । कुनै पनि विषको निम्ति प्रतिविष हुन्छ। सोही सन्दर्भमा पावलले एफिसी ४:३२ मा छ वटा खतरनाक भावनाहरूका निम्ति तीन वटा प्रतिविषहरूका सल्लाह दिन्छन्, जुन हाम्रो यात्रालाई कठिन र बोझिलो बनाउँछ। पावल भन्छन्, **"जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एकअर्काप्रति कोमल मनका र दयालु होओ ।"**

सहयोगी तथा उपयोगी र आवश्यक झोलाहरू, जुन हामीले बोक्नु जरुरी छन्:

## १. दयालु

दया गुण हो र हामीले बोक्नुपर्ने महत्वपूर्ण गुणहरूमध्ये एउटा हो । हामीले अरूको वास्ता गर्छौं भनेर यसले मानिसहरूलाई देखाउँछ र परिणामस्वरूप यसले अरू गुज्रिरहेका पीडालाई हटाउँछ। दयालु हुनुको अर्थ भनेको उदार हुनु वा कोहीप्रति असल चाहना राख्नु हो, जसलाई हाम्रो सहायताको आवश्यकता छ। दयाचाहिँ शक्तिको अवस्थामा भएको मानिसको स्वभाव हो, जसले तुलनात्मक कमजोर अवस्थामा भएको कोही व्यक्तिको निम्ति केही असल काम गर्छ । दया भनेको दिने स्वभाव हो र हामीले निरन्तर दिने चाहना गर्छौं र हामीसँग दिनको लागि धेरै थोक हुन्छ । ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा हामीले प्रशस्तताको जीवन, मुक्ति, स्वतन्त्रता र प्रशस्त मात्रामा परमेश्वरको अनुग्रह पाएका छौं। हामीले आफैंमा कमजोर महसुस गरे पनि हामी ख्रीष्टमा बलिया छौं। यस कुराले हामीलाई अरूप्रति दयालु हुन सक्षम बनाउँछ। अनि त्यसको अर्थ हामीले तिनीहरूलाई क्षमा गर्न सक्छौं । क्षमा भनेको कमजोरीको प्रदर्शन होइन। योचाहिँ दया र शक्तिको प्रदर्शन हो ।

## २. कोमल

कोमल शब्दको अर्थ मिलेर भोग्नु भन्ने हुन्छ। जब हामीले अरूको कष्टसँग सामना गर्छौं र त्यो कष्टलाई समाधान गर्न प्रेरित भएको महसुस गर्छौं र त्यो व्यक्तिको निम्ति शीघ्र निको हुने कुराको चाहना गर्छौं, त्यस्तो उठ्ने भावनालाई कोमल भनिन्छ। कोमल हुनुको अर्थ यही नै हो कि जब हामीले आफैंलाई अरूको अवस्थामा समानता पाउँछौं र हामीले उसलाई सहायता गर्ने चाहना राख्छौं । कोही व्यक्ति समस्यामा परेको हामीले

देख्छौं र त्यही भएको जस्तो महसुस गर्छौं । उदाहरणको निम्ति, जब हामी बसमा यात्रा गरिरहेका हुन्छौं, हामीले गर्भवती महिलालाई देख्छौं । हामी तुरुन्तै उठ्छौं र तिनलाई आफ्नो सीट प्रदान गर्छौं । त्योचाहिँ कोमल हो । दिनमा हामीले गर्न चाहनेका हरेक साना कार्यले नकारात्मक भावनालाई सन्तुलन गर्न सहायता गर्न सक्छ । पहिलेका झोलाहरूका निम्ति यो सबैभन्दा राम्रो प्रतिविषमध्ये एउटा हो, जुन हामीमा भारी छ र हाम्रो जीवनको यात्राको गतिलाई सीमित गराइदिएको छ ।

येशूले भीडलाई गोठालोबिनाको देख्नुहुन्छ (मर्कूस ६:३४) । करुणाले येशूको हृदयलाई भरेको छ । उहाँले तिनीहरूका आत्मिक भोकलाई मात्रै पूर्ण गर्नुहुन्न तर तिनीहरूका शारीरिक भोकलाई पनि (मर्कूस ६:३७-४४) । परमेश्वरले सदोमलाई नष्ट गर्न गर्ने बारेमा जब अब्राहामलाई थाहा भयो, उनी सदोममा भएका धार्मिक मानिसहरूका निम्ति करुणाले भरिए र परमेश्वरसँग बिन्ती गर्न सुरु गरे । सदोममा ५० जना मात्रै धर्मी मानिसहरू भएमा सहरलाई छोडिदिनको निम्ति अब्राहामले आग्रह गर्न सुरु गरे । सदोममा ५० जना धर्मी मानिसहरू भएमा परमेश्वरले सहर नष्ट गर्नुहुन्न भनेर उहाँ सहमत हुनुभयो । तर अब्राहामले निरन्तर परमेश्वरसँग बिन्ती गरिरहे । सदोममा ५० जना धर्मी मानिसहरू थिएनन् भनेर अब्राहामलाई थाहा छ । त्यसैले, संख्या तल, तल जान्छ- ४५, ४०, ३५, ३० गरेर १० सम्म । योचाहिँ करुणा हो ।

## ३. क्षमा दिने स्वभाव

दया र करुणाले स्वत: अरूलाई क्षमा दिने कुरातिर हामीलाई डोऱ्याउँछ । क्षमा हाम्रो सबै सम्बन्धको आधार हो । क्षमा दिने आत्मा ख्रीष्टियान विश्वासीको महत्वपूर्ण पक्ष हुनुपर्छ किनभने विश्वासीहरू क्षमा पाएका मानिसहरू हुन् । परमेशवरले हामीलाई क्षमा गर्नुभएझैं हामीले पनि क्षमा गर्नुपर्छ । जब मानिसहरूले हामीलाई चोट पुऱ्याउँछन्, तीतोपना, क्रोध, रिस, होहल्ला, निन्दा र सबै किसिमका डाहचाहिँ हामीले प्रतिक्रिया दिने मार्गहरू हुन् । यी कुराहरूप्रति हाम्रो प्रतिक्रिया विनाशकारी व्यवहार वा बोलीको रूपमा बाहिर आउँछ । त्यो समयमा हामीले यी तुरुन्तै निस्किएका प्रतिक्रियाहरूले हाम्रा सम्बन्धलाई नष्ट गरेको कुरालाई महसुस गर्दैनौं । हामीलाई चोट पुऱ्याएका मानिसहरूलाई क्षमा गर्नु नै हाम्रो तोडिएको वा बिग्रेको सम्बन्धलाई पुनर्स्थापना गर्न हामीले गर्न सक्ने एउटै मार्ग हो । त्यसैले, हामीले अध्ययन गरिरहेको पूरै खण्डलाई एउटै शब्दमा सारांश निकाल्न सकिन्छ- **क्षमा** ।

परमेश्वरले हाम्रो पापबाट हामीलाई क्षमा गर्नुभएझैं हामीले क्षमा गर्नुपर्छ भनेर पावलले भन्छन् । उहाँले हामीलाई छुटकारा दिनुभएको छ र हामीलाई क्षमा गर्नुभएको छ (एफिसी १:७) । यही क्षमा परमेश्वरसँग हाम्रो सम्बन्धको केन्द्रिय कुरा हो । परमेश्वरले हाम्रा पाप मेटाइदिनुभएको छ, हामीबाट आफ्नो क्रोध हटाउनुभयो र हामीलाई मृत्युबाट जीवनमा उठाउनुभयो । उहाँ हामीप्रति अद्वितीय रूपमा दयालु र करुणामयी बन्नुभयो । अनि अब हामीले ख्रीष्टद्वारा सुरक्षित र महिमित भविष्यको सामना गरेका छौं । किनभने परमेश्व्रले हामीलाई क्षमा गर्नुभएको छ, हामीसँग कारण छ- अनि शक्ति छ- अरूलाई क्षमा गर्न । जसै परमेश्वरले हाम्रा पाप हटाउनुभयो र हामीलाई ख्रीष्टद्वारा पवित्र र खोटरहित देख्नुहुन्छ, हामीले पनि त्यही कुरा अरूमा खोजी गर्नुपर्छ: हाम्रा गलत कामका लेजरबाट अरूका पापलाई हटाउने । पावलले हामीलाई "परमेश्वरको देखासिकी गर्न" जोड दिन्छन् र "प्रेममा चल्न, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैंलाई हाम्रा निम्ति अर्पण गर्नुभयो" (एफिसी ५:१,२) । हाम्रो जीवनमा परमेश्वरको देखासिकी गर्नको निम्ति हामीले क्षमाको आत्मा पिउनुपर्छ ।

क्षमा नदिने स्वभावले हाम्रो यात्रालाई अत्यन्तै कष्टकर बनाउँछ । यसले हामीलाई तल ल्याउँछ र हामीलाई बिरलै अगाडि बढ्न अनुमति दिन्छ । क्षमाचाहिँ ख्रीष्टियान गुणको आधारहरूमध्ये एउटा हो । हाम्रा पापका निम्ति क्षमा प्राप्त गरेर र पापको स्वाभाविक परिणामहरूबाट मुक्त भएर: अरूको पाप क्षमा गर्न र हाम्रा विरुद्धमा काम गर्नेहरूलाई क्षमा गर्न हामी बाध्य छौं । हामीले क्षमा गर्दैनौं भने हामीले आफैंलाई विश्वासीको रूपमा घोषणा गर्ने अधिकार हामीमा हुँदैन । येशू ख्रीष्टले हामीलाई मत्ती ६:१४,१५ मा क्षमाको बारेमा सिकाउनुभयो: **"किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ । तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन ।" "जब तिमीहरू प्रार्थना गर्न खडा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन्"** (मर्कूस ११:२५) । सोही समयमा हामीले आफ्नो मनमा विचार गर्नुपर्छ कि हामीले अरूलाई क्षमा गरेको हुनाले परमेश्वरले हामीलाई क्षमा गर्नुहुन्न तर उहाँको महान् कृपाको कारण मात्रै हो । क्षमा नदिने आत्माले छ वटा चाहना नगरिएको झोलातिर लैजान्छ, जुन हामीले पहिले नै छलफल गरिसकेका छौं । क्षमा कसरी गर्ने र त्यसलाई कसरी बिर्सने भनेर सिक्नु सुखी ख्रीष्टियान जीवनको रहस्यहरूमध्ये एउटा हो ।

**चौथो कदमचाहिँ** हाम्रो आँखा विश्वासका लेखक र सिद्धकर्ता येशूमाथि स्थिर राख्नु र हाम्रो जीवनको यात्रा निरन्तर कायम राख्नु हो । पवित्र बाइबलले हामीलाई उत्साह दिन्छ । हिब्रूको पुस्तक १२:१ मा हामीले पढ्छौं: **"यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं ।"** मलाई

*....Contd. to page 9*


## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

## उहाँले मेरो जीवन परिवर्तन गर्नुहुन्छ

कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ र दरिद्रहरूलाई घुरानबाट उचाल्नुहुन्छ (भजनसंग्रह ११३:७)।


मेरो नियमित कामको समयभन्दा बाहिर मसँग भएको समयको अवधिमा म निःशुल्क पर्चा वितरण गरिरहेको, व्यक्तिगत सुसमाचार प्रचार गरिरहेको र सानो स्तरमा सुसमाचार बैठक संचालन गरिरहेको थिएँ तर परमेश्वरले त्यो काम प्रभावकारी रूपमा गर्न सहायता गर्नुभयो।

मसँग काम गर्नुभएका मेरा प्रिय मित्रहरू भाइ डि.डब्लु. डेभाकान्थान र भाइ आर.ई. जेयराज एक पटक १९७१ मा मकहाँ आउनुभयो र मलाई सोध्नुभयो, "यो कार्यालयमा तपाईं अद्वितीय व्यक्तिजस्तो देखिन्छौं। तपाईंमा केही विशेष कुरा छ भनेर म देख्छु। यसको कारण के हो? के तपाईं खीष्टियान हुनुहुन्छ?" मैले जवाफ दिएँ, "हो, म परमेश्वरको सन्तान हुँ, जो सर्वशक्तिमान प्रभु येशू खीष्टद्वारा बचाइएको छु, जसले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।" उहाँहरूले फेरि सोध्नुभयो, "तिमी चलाख छौ। के तपाईंसँग मुक्तिको अनुभव अझै पनि छ?" मैले भनें, "छ।" उहाँहरूले मलाई अंकमाल गर्नुभयो र मलाई सोध्नुभयो कि म त्यो आइतवारको बिहानी उहाँको पास्टरलाई भेट्न भाइ डि.डब्लु देभाकान्थानसँग जान सक्छु कि। मैले उहाँसँग जान स्वीकार गरें। त्यसैले भाइ देभाकान्थानले मलाई आफ्नो साइलकलको पछाडि राख्नुभयो र मलाई १९७१ डिसेम्वर महिनामा एपोस्टोलिक खीष्टियान एसेम्ब्लीका सम्माननीय मुख्य पास्टर जी. सुन्दरम र सहायक पास्टर एम.के. साम सुन्दरमकहाँ लैजानुभयो।



**Bro. D.W. Devakanthan**

मुख्य पास्टर जी. सुन्दरमसँग मैले गरेको कुराकानी म कहिल्यै पनि बिर्सन सक्दिनँ। उहाँको सुन्दर आवरण, मुस्कान र चासो र जिम्मेवारीका उहाँका शब्दहरूले मलाई मेरो आफ्नै बुबासँगको सम्बन्धलाई सम्झाएको थियो। त्यसैले मैले उहाँलाई भनें, "म पनि तपाईंजस्तै रूपान्तरण हुन चाहन्छु।" उहाँले पनि मलाई अंगालो हाल्नुभयो र मलाई चुम्बन गर्नुभयो र भन्नुभयो,



**Chief Pastor G. Sundaram**



**Assistant Pastor M.K. Sam Sundaram**

"त्यो लक्ष्य प्राप्त गर्नको निम्ति तपाईंले ठूलो मोल चुकाउनुपर्ने र कठिन जीवनबाट भएर गुज्रिनुपर्ने हुन सक्छ।" मैले जवाफ दिएँ, "म पूरा हृदयले गर्नेछु।" त्यो दिनदेखि म उहाँको मण्डलीको बलियो सदस्य बनें र मलाई सेवाको समूहमा पनि स्वीकार गरिएको थियो। उहाले मण्डलीमा दिनुभएका सन्देशहरू र उहाँका क्रियाकलापहरूले मलाई अत्यन्तै धेरै आकर्षित गर्थ्यो। म सहायक पास्टर एम.के. साम सुन्दरमसँग पनि थिएँ र साधारण तरिकाहरूमा सेवकाइमा प्रयोग गर्नुहुन्थ्यो। उहाँले पनि मलाई सिकाउनुभयो र सहायता गर्नुभयो।

भाइ भिक्टोर स्वामीदोस (रेलवे), भाइ ए. सेल्भाराज (सेवाग्राही कार्य विभाग), सुसमाचार प्रचारक जेयामोहन (शिक्षक) र सुसमाचार प्रचारक एन. जिभानन्दमजस्ता त्यो मण्डलीका परमेश्वरका सेवकहरूसँग मेरो परिचय गराइएको थियो। उहाँहरूले मलाई आत्मिक रूपमा हुर्कन सहायता गर्नुभयो।




**Bro. Victor Swamidoss**

मैले १९७२ मा पास्टर जी सुन्दरमको हातबाट बप्तिस्मा लिएँ र पास्टर एम.के. सुन्दरम र दक्षिण अफ्रिकाका पास्टर रुबेन तिमोथीको उपस्थितिमा १९७७, २६ डिसेम्वरमा उहाँबाट सेवकको रूपमा नियुक्त भएँ।

मण्डली सेवामा सहभागी हुने मानिसहरूका जुत्ताहरू र चप्पलहरूको रेखदेख गर्न पास्टर जी. सुन्दरमले पास्टर आनन्दसँग काम गर्न मलाई सम्पर्क गरिदिनुभयो।

मण्डलीको सेवामा सहभागी हुने मानिसहरूले सामान्यतया आफ्ना जुत्ताहरू र चप्पलहरू मण्डली बाहिर काठको दराजमा राख्थे र सेवापछि ती लगाएर जान्थे। हामी दुवैले सदस्यहरूको चप्पको सुरक्षा र फिर्ता दिने जिम्मेवारी पाएका थियौं।



**Pr. Sam Selva Raj Ordination - 1977**

पास्टर आनन्द असल आत्मिक अगुवा र अहिले चेन्नाइमा करुणनिधी कालिंगनार नगर सेवकाइको एपोस्टोलिक चर्च एसेम्बली भन्ने ठूलो मण्डलीको सिनियर पास्टर हुनुहुन्छ। उहाँहरूले मेरो मण्डलीमा प्रचार गर्नुहुन्थ्यो, मेरा





मण्डलीहरू र नहेम्याह बाइबल कलेजमा प्राध्यापकहरू र पाहुना वक्ताहरूका रूपमा आफ्ना सेवाहरू प्रदान गर्नुहुन्थ्यो । उहाँहरूले विभिन्न तरिकाहरूमा सेवकाइमा मलाई सहायता गर्नुभयो । म सानो मण्डलीको पास्टर थिएँ र प्रभुले मलाई बाइबल कलेज सुरु गर्न चलाउनुभयो, जहाँ मैले यी असल मानिसहरूको सेवा पाउन अवसर पाएको थिएँ भन्ने कुरामा ध्यान दिनु महत्वपूर्ण छ ।



Pr. S. Anand

पहिले नै भनिसकिएको छ, परमप्रभुले विभिन्न भाषाहरूमा **बोलावटको प्रतिध्वनि** नाम खीष्टियान मासिक पत्रिका संचालन गर्न मलाई सहायता गर्नुभयो । म परमेश्वरको सेवकाइको निम्ति नियुक्त हुनेबित्तिक्कै, परमप्रभुले केही स्थानीय मण्डलीहरूलाई सहायता गर्न र चेपकाउमा सानो स्तरमा मण्डली सुरु गर्न सहायता गर्न सक्षम बनाउनुभयो, जुन स्थान चेन्नाइ सहरको सुसमाचार नपुगेको स्थान भनेर विचार गरिएको थियो । वर्तमान समयमा त्यो क्षेत्रमा हाम्रो मुख्य मण्डली संचालन भइरहेको छ ।

मैले मेहेनेत र निरन्तर प्रार्थना गरिरहे पनि मैले नयाँ आत्माहरू जित्न सकेको थिइनँ । अन्य मण्डलीका सदस्यहरूलाई नतान्ने र मेरो मण्डलीका सदस्यहरू तिनीहरूलाई नबनाउने कुरामा म स्थिर थिएँ । म सधैं "भेडा चोर्ने" कुराको विरोधमा छु । त्यसैले, पहिलो पाँच वर्षको निम्ति मेरो मण्डलीका सदस्यहरू मेरी पत्नी र छोरी थिइन् । म उहाँहरूलाई प्रचार गर्ने गर्थें र तिनीहरूले हरेक आइतवार बिहानी र साँझ अकबर साबिह स्ट्रिट, बिग स्ट्रिट र सी.एन. कृष्णस्वामी रोड, आदि, चेपकाउ, चेन्नाइ भनिने सडकहरूमा भएका मण्डलीहरूमा तिनीहरूले मेरा सन्देश सुन्थे । साथै हामी सडकमा सुसमाचार गर्ने र अस्पतालहरूमा बिरामी मानिसहरूलाई भेट्ने र सडकमा भएका गरिब मानिसहरूलाई भेट्ने कुरामा संलग्न थियौं । परिवारको रूपमा हामीले आफ्ना आम्दानीहरू परमेश्वरको सेवकाइमा खर्च गर्‍यौं र त्यसकारण केही अवसरहरूमा हामी भोकमरीमा परेका थियौं ।





ममा एकर्डियन (वाद्यवादन) बजाउने बानी भएको हुनाले भवनको मालिकले हामीलाई मन पराउँदैनथे, यस्तो भन्थे, मैले आफ्नो वाद्यवादन बजाउँदा र प्रभु येशू खीष्टको महिमा गाउँदा तिनीहरूका देवताहरू सक्रिय हुन सक्दैनथे । त्यसैले, त्यो विशेष गैह्रखीष्टियान क्षेत्रमा भिन्दै सडकहरूमा प्राय: घरमालिकहरूले मेरो आवास र मण्डलीको स्थान परिवर्तन गर्न दबाब दिन्थे ।



---

पृष्ठ ७ बाट

बाइबलको यो खण्ड अति नै मन पर्छ किनभने यहाँ मात्रै बोझ भन्ने शब्द प्रयोग गरिएको छ । हामी येशूमा स्थिर रहन्छौं भने हामी दौडन सक्छौं र सजिलैसित दौडलाई पूरा गर्न सक्छौं । दौडमा दौडने खेलाडीले न्यूनतम् लुगा लगाउँछ । पूरै औपचारिक लुगा लगाएर खेलाडी दौडेको हामीले देख्न सक्दैनौं । त्यस्तो लुगाले उसको गतिलाई बाधा दिनेछ र ऊ कहिल्यै पनि आफ्नो दौड पूरा गर्ने स्थानमा पुग्नेछैन । त्यसैले, हरेक **बोझ र पाप**- तीतोपना, क्रोध, रिस, होहल्ला, निन्दा र सबै किसिमका डाह एकातिर राख्न र दया, करुणा र क्षमा दिने स्वभाव धारण गरेर दौडन हिब्रू पुस्तकका लेखकले हामीलाई सल्लाह दिन्छन् । पुरानो करारमा भएका नायकहरूबाहेक अनुकरण गर्नको लागि हामीसँग आधुनिक नायकहरू पनि छन्- साधु सुन्दर सिंह, जिजेन्बाल्ग, पन्दिता रामाबाइ, विलियम केरी, बिसप भि.एस. अजारीया र ग्राहम स्टेन्स्, जसले आफ्नो दौड राम्ररी दौडे, आफ्ना देशमा सेवा गरे र हामी, भारतीयहरूका निम्ति मरे ।

हामी नयाँ वर्ष २०२३ को संकल्पहरूसँगै सुरु गर्छौं । यी नचाहिने बोझहरूलाई फ्याँक्ने र विजयी भएर खीष्टियान यात्रा पूरा गर्ने र अन्तमा पावलसँगै निडरताका साथ घोषणा गर्ने विचार गरौं: "मैले दौड सिध्याएको छु" र "धार्मिकताको मुकुट प्राप्त गर्नेछु, जुन धार्मिक न्यायकर्ता परमप्रभुले मलाई त्यो दिन दिनुहुनेछ... मलाई मात्र होइन तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ" (२ तिमोथी ४:,८) ।

**यी नयाँ वर्षका संकल्पहरूमाथि विचार गर्नुहोस्, प्रार्थना गर्नुहोस्, तपाईंको जीवनमा ती राख्नुहोस् र थोरै बोझको साथमा अगाडि बढ्नुहोस् । नयाँ वर्ष २०२३ तपाईं सबैमा आशिष्मय रहोस् । परमेश्वरले आशिष् देऊन् ।**

************


## चाहियो

हामीलाई सेवकाइको निम्ति असल दर्शन र समर्पणता भएका तल दिइएका कर्मचारीहरू आवश्यक छन्:

- ❖ कम्प्यूटरको ज्ञानको साथमा कार्यालय कर्मचारी
- ❖ छापाखाना र कार्यालयको निम्ति सहयोगीहरू
- ❖ कार्यालय सम्भार सुपरीवेक्षकहरू
- ❖ अडियो भिडियो प्राविधिकहरू
- ❖ मेट्रिकुलेसन स्कुलको हेडमास्टर
- ❖ मेट्रिकुलेसन स्कुलका शिक्षकहरू
- ❖ सहयोगी पास्टरहरू
- ❖ सुसमाचार प्रचारकहरू
- ❖ बाइबल कलेजको प्रधानाध्यापक (एकेडेमिक)
- ❖ सुरक्षाकर्मीहरू
- ❖ चालकहरू

कृपया सम्पर्क गर्नुहोस्: **बोलावटको प्रतिध्वनि**
मोबाइल: 98410 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

**नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th JANUARY 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**